

के तपाईंको घर पा( नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क १५३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार १ गते शुक्रबार ❑ 16 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## पाँच लाखभन्दा कमका योजना संघमै फिर्ता पठाउँछौँ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ जेठ

गण्डकी प्रदेश मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सङ्घ सरकारले बजेटमार्फत साना योजना बिनियोजन गरी प्रदेशमा पठाएको भन्दै असन्तुष्टि व्यक्त गर्नुभएको छ।

अग्रीम जानकारी गराउँदागराउँदै पनि सङ्घ सरकारले बजेटमार्फत एक लाखसम्मका योजना बनाएर प्रदेशमा पठाएको भन्दै रु पाँच लाख मुनिका बजेट कार्यान्वयन नगर्ने स्पष्ट पार्नुभयो । बिहीबार नगर विकास कोषले आयोजना गरेको प्रादेशिक कार्यशाला गोष्ठीमा मुख्यमन्त्री पाण्डेले रु पाँच लाखभन्दा मुनीका योजना एकसय भन्दा बढी रहेको भन्दै प्रभावहीन कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकार बाध्य नहुने बताउनुभयो । "प्रदेश र स्थानीय तहलाई बलियो बनाउने पनि भन्ने तर ठूला योजना सङ्घमै राख्नु राम्रो होइन", उहाँले भन्नुभयो, "कम बजेटका योजना



कि स्थानीय तहमा पठाइदिनुपछि होइन भने सङ्घमै राख्नुपर्छ।"

प्रदेश सरकार आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटको अन्तिम तयारीमा रहेको भन्दै उहाँले सडक पूर्वाधारमा रु ३० लाखभन्दा कम बजेटका योजना खानेपानी तथा सिंचाईको हकमा रु १० लाखभन्दा कम बजेटका योजना नल्याउने स्पष्ट पार्नुभयो । "कर डेढौंका योजनामा रु पाँच लाख मात्रै छुट्याएर अलपत्र पार्ने काम गण्डकी सरकारले गर्दैन, बजेट खर्च गरिसकेपछि सम्पन्न हुनुपर्छ र त्यसको तत्काल जनताले उपयोग गर्न पाउनुपर्छ", उहाँले भन्नुभयो।

प्रदेश र स्थानीय सरकारले वैदेशिक ऋण लिन नपाउने, ऋण उठाउन पनि १२ प्रतिशतको सिमा तोकिदिने, विनियोजित बजेट पनि अन्तिममा आएर काटिदिने जस्ता सङ्घ सरकारको क्रियाकलापले वित्तीय सङ्घीयता बलियो नभएको मुख्यमन्त्री पाण्डेको बुझाइ छ । गण्डकी प्रदेशका २७ वटा नगरपालिकाका नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, इन्जिनियरको उपस्थिति रहेको कार्यक्रममा मुख्यमन्त्री पाण्डेले नगर विकास कोषलाई चाँडो पुर्नसंरचना गर्दै स्थानीय सरकारको वैकल्पिक आर्थिक स्रोतको सुनिश्चितता गर्न सङ्घ सरकारले ढिलाइ गर्न नहुने बताउनुभयो । नगर विकास कोषका कार्यकारी निर्देशक कृष्ण सापकोटाले मुलुकभरका ९० नगरपालिकामा दीगो आयमूलक पूर्वाधार र एक सय १० भन्दा धेरै स्थानमा खानेपानीका योजनामा रु १५ अर्ब बराबरको लगानी गरिरहेको जानकारी दिनुभयो । उहाँले स्थानीय सरकारलाई ऋण र अनुदानको समिश्रणबाट वित्तीय मध्यस्थकर्ता संस्थाका रुपमा प्राविधिकएवंआर्थिकसहजीकरण गरिरहेको बताउनुभयो ।

नेपाल नगरपालिका सङ्घका अध्यक्ष भिम ढुङ्गानाले कोषको पुर्नसंरचनाका लागि रणनीतिक पत्र स्वीकृत भएर कानून बन्ने अन्तिम तयारीमा रहिरहँदा कोष 'अटोनोमस' हुनेमा आशङ्का रहेको भनाइ राख्नुभयो ।

कार्यक्रममा नगर विकास कोषका सदस्य हिक्मतजङ्ग कार्की, पोखरा महानगरपालिकाका नगर प्रमुख धनराज आचार्य, पूर्वसचिव कृष्णहरि बास्कोटा, कोषका पूर्वकार्यकारी निर्देशक सुशिल ज्ञवालीलगायतले ऋण र अनुदान लिने अन्य विकल्प नभएका पालिकाले कोषमार्फत् लगानी भित्र्याएर जनअपेक्षा अनुरुप विकासको गति बढाउन सुझाव दिनुभयो ।

## वडा न.४ लाहाचोकमा अन्तरक्रिय

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ जेठ

माछापुच्छ्रे गाउँपालिका वडा ४, वडा कार्यालयले बुधवार आ.व ०८०/८१ को योजना तर्जुमा विशेष अन्तरक्रिय कार्यक्रम गरेको छ । उक्त अवसरमा आ.व ७९/८० मा सञ्चालित वार्षिक योजनाहरुको पनि समिक्षा गरिएको थियो ।



योजनाको प्राथमिकीकरणका आधारमा अल्प, मध्य र दीर्घकालिन योजना पहिचान गरि विषयगत वडा स्तरीय विज्ञ समुहको सहकार्यमा वडाको योजना अगि बडने अध्यक्ष मधुसुधन अधिकारीले जानकारी दिनुभयो ।

पालिकाबाट वडाका लागि गत आ.वमा ८० लाख बजेट विनियोजन भएकोमा यस आ.वमा मात्र ५३ लाख बिनियोजन भएको बताउनुभयो । कार्यक्रमका बीच नेपाली काग्रेसका वडा सभापति रामचन्द्र अधिकारी, नेकपा एमालेका वडा अध्यक्ष टेक बहादुर श्रेष्ठ, रा.प्र.पा वडा अध्यक्ष विजय अधिकारी, रा.स्व.पा वडा अध्यक्ष भुपेन्द्र कुंवर, साथै अन्य पाटीका प्रमुख प्रतिनिधि, साथै बिभिन्न टोल विकास संस्थाका अध्यक्षहरु, क्लबका अध्यक्ष, शिक्ष, स्वास्थ्य, खानेपानी एंव अन्य संघ संस्थाका प्रतिनिधिहरुले प्रतिनिधित्वमुलक कार्यपत्र प्रस्तुत गरेका थिए ।

जसअर्न्तगत वडा सिमाना, मर्दी सेतीको संरक्षण, सार्वजनिक जग्गाको खोजि एवं संरक्षण, लाहाचोक पुरन्चौर जोडने मोटर पुलको निर्माण, उच्च शिक्षा विकासका लागि बिद्यालयहरुमा स्वरोजगार प्राविधिक शिक्षालय, पालिका हस्पिटल, एक पालिका एक खेलग्राम अर्न्तगतको महेन्द्र मा.वि खेलमैदान, मर्दि रिर्भर पार्क, लाहाचोक अर्मला खुमै पैदलमार्ग, अर्मला प्याराग्लाईडिङ्ग हब, पातिखोला गुफा, बानेटाकुरा मन्दिर प्रवर्द्धन, कृषिउपज संकलन केन्द्र, चोक चोकमा सडक वत्ती, मर्दिपुल प्रवेश गेट सँगै एक्पोलर लाहाचोक डिजिटल होडिङ वोर्ड,फोहोर व्यवस्थापन, लगायतका योजना निर्माण गर्नुपर्ने कार्यक्रमका वक्ताहरुको जोड रहेको छ ।

कार्यक्रमको अन्त्यमा वडाध्यक्ष अधिकारीले समृद्ध लाहाचोक निर्माणका लागि सरोकारवाला सबैसंग हातेमालो गर्न वडा सधै तयार रहेको स्पष्ट पार्नुभयो। वडाध्यक्ष अधिकारीको अध्यक्षतामा भएको कार्यक्रमको संचालन भुवदेव अधिकारीले गरेका थिए ।

## कांग्रेसको प्रचार विभागमा ३९ सदस्य मनोनित

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ जेठ

नेपाली कांग्रेसको सूचना, सञ्चार तथा प्रचार विभागको सदस्यमा ३९ जना सदस्य मनोनित गरिएको छ।

पार्टी सभापति शेरबहादुर देउवाले कांग्रेसको विधानबमोजिम पार्टीका केन्द्रीय सदस्य मीनबहादुर विश्वकर्मा प्रमुख रहनुभएको प्रचार विभागको सदस्यमा उहाँहरूलाई मनोनयन गर्नुभएको हो । विभागको सदस्यमा दीपकप्रसाद कुइँकेल, गोपाल झा, कृष्णप्रसाद बस्याल, तिलक राई, गोविन्द परियार, चन्देश्वर खत्वे, गणेश केसी, शिला इजम, गङ्गाधर पराजुली, लोकराज ढकाल, सन्तबहादुर चेपाङ, राजु मास्के, उमिद वागचन, लीला खनाल, चेतराज रेग्मी, मिथलेश मिश्र, मोती पौडेल, पवन अधिकारी, कमला पाण्डे, फूलमाया सुनार मनोनित हुनुभएको छ।

यसैगरी विभागको सदस्यमा राजबहादुर गुरुङ, राघव गौतम, अनुषा नेपाल, निगम हुमागाईं, गोविन्द मरासिनी, ई हुकुमबहादुर बुढा, रम्भा मिश्र, लवदेव ढुङ्गाना, दिनेशविक्रम शाह, सुरेश यादव, इन्द्र रिजाल, डा मो ओजिर देवान, पूर्णबहादुर नेपाली, अशोकनाथ योगी, विष्णुप्रसाद तिम्सिना, दीपेन्द्र वान्तवा, सज्जन ठाकुर, प्रकाश खरेल र विनोद मोक्तान मनोनित हुनुभएको पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभएको छ।

## भ्रूणको लिङ्ग पहिचान नगर्न अस्पताललाई मन्त्रालयको निर्देशन

**रासस**
काठमाडौं, ३२ जेठ

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले भ्रूणको लिङ्ग पहिचानसम्बन्धी कुनै पनि कार्य नगर्न स्वास्थ्य संस्थालाई निर्देशन दिएको छ।

मन्त्रालयका उपसचिव एकदेव खनालले सरकारी, निजी तथा सामुदायिक स्वास्थ्य संस्थालाई पत्राचार गर्दै भ्रूणको लिङ्ग पहिचानसम्बन्धी कुनै पनि कार्य नगर्न/नगराउन निर्देशन दिनुभएको छ । मन्त्रालयले कसैले गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान गरी कुनै कार्य गर्न र नगराउन नहुने, यदि सो कार्य गरे वा गराएमा तीन महिनादेखि एक वर्षसम्म कैद सजाय हुने परिपत्रमा उल्लेख

बाँकी अन्तिम पृष्ठमा ▶▶

## विद्यालय तहदेखि नै न्यायिक चेतना बढाउँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ जेठ

घर नजिकको सरकार भएपछि पहिलो समस्या सुनाउने ठाउँ स्थानीय सरकार हुनु स्वभाविक हो। संघीय संरचनाले गुनासा सुन्ने मात्रै होइन, स–स्याना समस्या निरूपणका लागि स्थानीय तहमा न्यायिक समिति गठन गर्न पाउने व्यवस्था गरिदिएको छ।

न्यायिक निरुपण सहज र सर्वसाधारणको समेत पहुँचमा पुऱ्याउने संवैधानिक व्यवस्था भए अनुसार अहिले न्यायिक समितिले पालिकामा काम गरिरहेका छन् । न्यायिक समितिको काम, कर्तव्य र यसको व्यवहारिक पाटोबारे विद्यालय तहदेखि नै यसको वृहत पाटोबारे जानकारी दिने उद्देश्यले पोखरा महानगर न्यायिक समितिले अहिले महानगर भित्रका विद्यालयमा 'विद्यार्थीसँग न्यायिक समिति, प्रशिक्षण तथा अर्न्तक्रिया' कार्यक्रम गरिरहेको छ । प्रेस क्लब गण्डकीसँगको सहकार्यमा भइरहेको विद्यालय स्तरिय 'विद्यार्थीसँग न्यायिक समिति, प्रशिक्षण तथा अर्न्तक्रिया'



बिहीवार पोखरा –५ स्थित ' बाराही माध्यमिक विद्यालयका विद्यार्थीसँग गरिएको छ। पोखरा महानगर उप–प्रमुख एवम न्यायिक समिति संयोजक मञ्जुदेवी गुरुङले कानूनले व्यवहारलाई नियमबद्ध पार्न सघाउने हुनाले कानून सबैले जान्नुपर्ने विषय रहेको बताइन् । 'कानूनले मान्छेको आचरण, बोलीचालीमा नियन्त्रण गर्छ । जसले गर्दा सद् भावपूर्ण समाजको निर्माण हुन्छ। शान्ति, सद्भाव फैलिन्छ,' उनले भनिन्, 'विकास निर्माणका काम गर्न पनि सहज हुन्छ ।' गुरुङले कसैलाई पनि अन्याय हुन नहुने बताइन् । न्यायमा सबैको समान पहुँचका लागि पनि स्थानीय तहमा न्यायिक समितिको व्यवस्था गरिएको उनको भनाइ थियो।

तर, न्यायमा सबैको समान पहुँच पुनुपर्ने भए पनि कानून निर्मम हुने उनले सुनाइन् । कानूनले धनी, गरिब कसैलाई पनि भेदभाव नगर्ने भएकाले कानूनको अघि जुनकुनै अपराध क्षम्य नहुने उनले बताइन् । कानूनबाट कोही पनि उम्किन नपाउने भएकाले सबैले कानूनबारे जानकार हुनुपर्ने उनले सुनाइन् । विद्यार्थीले अन्य विषयको ज्ञानसँगै कानूनको ज्ञान पनि लिन जरुरी रहेको उनको भनाइ थियो। कार्यक्रममा उपस्थित पोखरा५ का वडाध्यक्ष विष्णुप्रसाद बरालले न्यायिक समितिले विद्याले विद्यालयस्तरदेखि नै कानूनी चेतना फैलाउने अभियान थालेको भन्दै खुसी व्यक्त गरेका थिए। विद्यालयस्तरदेखि नै कानूनी ज्ञान भए विद्यार्थीहरुलाई व्यवहारिक हुन सहज हुने धारणा राखेका थिए।

कार्यक्रममा बाराही मावि विद्यालय व्यवस्थापन समिति अध्यक्ष निर्मल खत्री, विद्यालयका प्रधानाध्यापक शिव प्रसाद भण्डारी, पोखरा महानगर न्यायिक समिति सदस्य, कालिदास पोखरेल र भावना श्रेष्ठ, पोखरा महानगर कार्यपालिका सदस्य हरिमाया विश्वकर्मा, पोखरा महानगर न्यायिक समिति अभिलेख संरक्षक राममणी अधिकारी साथै पोखरा महानगर न्यायिक समिति मेलमिलाप सहजकर्ता सोम लम्सालको उपस्थिति थियो । न्यायिक समितिका सदस्यले विद्यालयका डेढ सय न्यायिक समितिको गठन प्रक्रियाबारे भावना श्रेष्ठ र यसको अधिकार क्षेत्रबारे न्यायिक समितिका मेलमिलाप सहजकर्ता सोम लम्सालले प्रशिक्षण दिएका थिए।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ् कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# अन्तरपालिका भलिबलमा अन्नपूर्ण च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ जेठ

पोखरा महानगरपालिका खेलकुद विकास समितिले आयोजना गरेको दोस्रो कास्की जिल्ला अन्तर पालिका पुरूष भलिबल प्रतियोगिताको उपाधि अन्नपूर्ण गाउँपालिकाले जितेको छ।



पोखरा रंगशालास्थित भलिबल कोर्टमा बिहीबार भएको फाइनलमा माछापुच्छ्रे गाउँपालिकालाई ३-१ को सेटमा हराउँदै अन्नपूर्ण 'ए' च्याम्पियन बनेको हो। उपाधिसँगै अन्नपूर्ण गाउँपालिकाको टिमले ६० हजार रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पाएको छ। उपविजेता माछापुच्छ्रेले ५० हजार रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। रूपा गाउँपालिका 'बी'लाई ३-० को सोझो सेटमा हराउँदै आयोजक पोखरा महानगरपालिकाको (रातो जर्सी) टिम तृतीय भयो।

महानगरको टिमले ४० हजार रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पाएको छ। पोखरा महानगरपालिका भलिबल संघको व्यवस्थापन र कास्की जिल्ला भलिबल संघको विशेष सहयोगमा भएको प्रतियोगितामा अन्नपूर्ण गाउँपालिकाका सचिन नेपाली सर्वोत्कृष्ट खेलाडी घोषित भए। अन्नपूर्णकै मन्दीप परियार उत्कृष्ट सेटर र आकाश धमाल उत्कृष्ट ब्लकर बनेको महानगर भलिबल संघका अध्यक्ष रामबहादुर लामिछानेले जानकारी दिए। माछापुच्छ्रेका समीर गुरूङ उत्कृष्ट डिफेन्डर र पोखरा महानगरपालिकाका विजय परियार उत्कृष्ट स्पाइकर बने। अन्नपूर्णका हरिचन्द्र सुनार उत्कृष्ट प्रशिक्षक घोषित भए। विधागततर्फ उत्कृष्ट हुनेले नगद ५/५ हजार रूपैयाँसहित प्रमाणपत्र पुरस्कार दिइएको महानगर खेलकुद विकास समितिका सदस्य सचिव सुवास खड्काले जानकारी दिए।

प्रतियोगितामा पोखरा महानगरपालिका, अन्नपूर्ण, मादी र रूपा गाउँपालिकाका २-२ र माछापुच्छ्रे गाउँपालिकाको एक टिम गरी ९ टिम सहभागी थिए।



सचेतना कार्यक्रम उद्घाटन : ज्येष्ठ नागरिक दुर्व्यवहार विरुद्ध दिवसका अवसरमा ज्येष्ठ नागरिक गण्डकीद्वारा पोखरामा आयोजित सचेतना कार्यक्रम उद्घाटन गर्दै गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्यमन्त्री सुशिला सिम्खडा। तस्बिरः हरिप्रसाद बाँस्तोला/रासस

# कस्केली अधिकृत समाजमा कुँवरको स्वागत तथा सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ जेठ

कस्केली अधिकृत समाज कास्कीले संस्थाका पूर्व कोषाध्यक्ष टेकबहादुर कुँवरलाई एक समारोहका बीच स्वागत तथा सम्मान गरेको छ।

अधिकृत समाज स्थापनापछि दोस्रो कार्यकाल २०६५ सालदेखि २०६७ सालसम्म कोषाध्यक्ष रहेर संस्थालाई गतिशील तुल्याउन पुऱ्याएको योगदानको स्मरण गर्दै कुँवरलाई सम्मान गरिएको हो।



पछिल्लो समय अमेरिकामा बसोबास गर्दै आएका कुँवरको नेपाल आगमनको सन्दर्भ पारेर संस्थाले उक्त कार्यक्रम आयोजना गरेको हो। कुँवरले स्थापना कालमा संस्थालाई अगाडि बढाउन जे जस्ता अप्ठ्यारा परे तापनि हाल संस्थाले गति लिएकोमा आफूलाई सन्तोष मिलेको बताए। सो अवसरमा कुँवरले समय र परिस्थितिले परदेशमा रहन परे तापनि स्वदेशको माया र आफूले योगदान दिएका संघसंस्थालाई जीवन्त राख्न आफ्नोतर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे। कस्केली अधिकृत समाजका संस्थापक कोषाध्यक्ष दुर्गाबहादुर शाह बाबाले टेकबहादुर कुँवरले संस्थामा रहँदा गरेको योगदान र लगाएको गुन कहिल्यै नभुल्ने बताए। समाजका सल्लाहकार देवेन्द्र केसीले सामाजिक संघसंस्था स्थापना ठूलो कुरा नभएको तर त्यसका गतिविधिले नै संस्थाको जीवन्तता देखाउने भएकाले अधिकृत समाज नाम जस्तै काम गरेर अगाडि बढेको देख्दा खुसी लागेको धारणा राखे। संस्थाका सचिव महेश पौडेलले संस्थाले स्मारिका, भित्तेपात्रो प्रकाशन, अध्ययन, अवलोकन भ्रमण, स्वास्थ्य सचेतना जस्ता कार्यक्रमलाई वार्षिक कार्ययोजना बनाएर अगाडि बढेको जानकारी गराए।

कार्यक्रममा राष्ट्रिय समाचार समितिका गण्डकी प्रदेश प्रमुख बासुदेव पौडेल, अधिवक्ता चित्रबहादुर अधिकारी, स्वतन्त्र पत्रकार संघ कास्कीका अध्यक्ष असफल गौतमलगायतले बोलेका थिए। अध्यक्षको आसनबाट बोल्दै संस्थाका अध्यक्ष चन्द्रबहादुर सुवेदीले संस्थालाई आजको अवस्थामा पुऱ्याउन योगदान दिएका अग्रज र पूर्व पदाधिकारीहरूको योगदानलाई संस्थाले चिरस्मरणीय बनाउन निरन्तर लाग्ने प्रतिबद्धता व्यक्त गरे।

# सामुदायिक विद्यालयमा घटे विद्यार्थी

**पोखरापत्र संवाददाता**
पर्वत, ३२ जेठ

यहाँका सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या घट्दै जान थालेको छ। कतिपय विद्यालयमा कक्षा नै खाली भएको समेत देखिएको छ। अभिभावकको अङ्ग्रेजी मोह, बसाइँसराइ, जन्मदरमा कमी, अभिभावक बजारमा बसेर सन्ततिलाई बजारमै पढाउने कारण गाउँका विद्यालयमा विद्यार्थी घट्दै गएको पाइएको हो।

दुर्गम ठाउँमा मात्रै नभएर सुगम ठाउँमा पनि विद्यालय खाली हुन थालेको देखिएका छन्। कुश्मा नगरपालिका-९ कटुवाचौपारीस्थित चम्डिलामा रहेको जनप्रिय प्राथमिक विद्यालय पनि रित्तिन थालेको छ। कक्षा १ देखि ५ सम्म पढाइ हुने उक्त विद्यालयमा अहिले ११ मात्रै विद्यार्थी पढ्दै आएका छन्। कक्षा ५ मा एकजना पनि विद्यार्थी छैनन्। कक्षा १ मा दुई, कक्षा २ मा तीन, कक्षा ४ मा छ विद्यार्थी रहेका छन्। विगतमा भरिभराउ रहेको सो विद्यालय अहिले खाली भएको हो। प्रधानाध्यापक कमला शर्माले विद्यालयको पढाइ राम्रो भए पनि अभिभावकले विश्वास नै नगर्ने समस्याले विद्यालयको स्थिति कमजोर बनेको बताउनुभयो। उहाँले नजिकैको माध्यमिक विद्यालय, बोर्डिङ स्कुल र सदरमुकामका बोर्डिङमा बालबालिका पढ्न जाने भएकाले आफ्नो विद्यालयमा विद्यार्थी सङ्ख्या न्यून भएको बताउनुभयो।

उक्त विद्यालयमा स्थायी, निजी स्रोत र बालविकासका शिक्षक तथा कार्यालय सहयोग गरेर छजना कार्यरत हुनुहुन्छ। विसं २०५६ मा समुदायको आवश्यकता र औचित्यताका आधारमा स्थापना भएको यो विद्यालय समुदायकै चासो र चिन्ता नहुँदा विद्यार्थीविहीन बन्न थालेको सरोकारवाला बताउँछन्। प्रधानाध्यापक शर्माले भर्ना अभियान, घरदैलो र विद्यालय सुधारका बारेमा नियमित छलफल चलाउँदै आए पनि अभिभावकले आफ्ना छोराछोरीलाई बोर्डिङमा पठाउँदा विद्यालयमा विद्यार्थी बढ्न नसकेको दुःखेसो गर्नुभयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वासुदेव लामिछानेले समुदाय र शिक्षकको चासो बढ्ने हो भने विद्यालयमा विद्यार्थी बढाउन सकिने बताउनुभयो। उहाँले यसका लागि सबैले कोसिस गर्नुपर्ने बताउनुभयो।

शिक्षकले नै आफ्ना छोरानाति लाई बोर्डिङमा पठाउने गरेको र अभिभावकले सरकारी विद्यालय भनेर हेलाको दृष्टिले हेर्दा विद्यार्थी सङ्ख्या बढाउन नसकेको लामिछानेले बताउनुभयो। वडाध्यक्ष राम शर्मा लामिछानेले उक्त विद्यालयको समस्याका बारेमा नगरपालिकामा आफूले धेरै पटक जानकारी दिइसकेको बताउनुभयो। विद्यार्थी सङ्ख्या बढाउन विद्यालय प्रशासन र समुदायलाई ध्यानाकर्षण गराए पनि सुधार हुन नसकेको लामिछानेले बताउनुभयो। विद्यालयमा विद्यार्थी सङ्ख्या बढाउने वा नजिकैको विद्यालयमा गाभ्ने भन्ने विकल्पमा रहेको जनाउँदै उहाँले वडाका तर्फबाट सहजताका लागि पहल भइरहेको लामिछानेले बताउनुभयो। यहाँका ग्रामीण क्षेत्रमा रहेका अधिकांश सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या घट्दै गएको शिक्षा विकास समन्वय एकाइका प्रमुख उद्धिमराज पौडेलले बताउनुभयो।

# फुटबल : नेपाल पराजित

**रासस**
काठमाडौं, ३२ जेठ

अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबल खेलमा नेपाल घरेलु टोली फिलिपिन्ससँग पराजित भएको छ।

फिलिपिन्सको रिजल मेमोरियल स्टेडियममा बिहीबार भएको खेलमा नेपाल फिलिपिन्ससँग १-० गोलअन्तरले पराजित भएको हो।

पहिलो हाफ गोलरहित बराबरीमा सकिएको खेलको दोस्रो हाफमा नेपालले गोल खाएको हो। फिलिपिनसका जार्भे गायोसोले खेलको ४९औं मिनेटमा गरेको एक गोल नै निर्णायक गोल सावित भयो। भारतमा आयोजना हुने १४औं संस्करणको साफ च्याम्पियनसीपको तयार स्वरुप नेपालले फिलिपिन्ससँग मैत्रीपूर्ण खेल खेलेको हो। साफ च्याम्पियनसीप आगामी असार ६ देखि १८ गतेसम्म हुनेछ।

# भ्रूणको...

गर्दै उक्त कुरा स्वास्थ्य संस्था एवं प्रयोशागाला परिसरमा टाँस्न पनि भनिएको छ।

मन्त्रालयले राष्ट्रिय जनगणना, २०७८ को नतिजामा लैङ्गिक अनुपातमा असमानता देखापरेको र विभेदपूर्ण लिङ्ग छनोटको अन्त्यका लागि राष्ट्रिय रणनीतिमा विभेदपूर्ण लिङ्ग छनोट अन्त्य गर्न कार्यनीति लिङ्ग पहिचान गर्न नपाइने उल्लेख गरिएको छ।

मुलुकी संहिता, २०७५ को दफा १८८ को उपदफा ७ र ८ मा एवं सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा १७ मा गर्भको लिङ्ग पहिचान गर्ने कार्यलाई कानूनतः दण्डनीय अपराध मानेको हुँदा स्वास्थ्य संस्थालाई भ्रूणको लिङ्ग पहिचान नगर्न भनिएको छ।


## बाढीपहिरोबाट जोगिऔं

**जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदाः**

- ◆ वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं।
- ◆ पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भु-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं।
- ◆ आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं।
- ◆ बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं।

बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- ● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- ● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- ● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- ● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
- » शरिरको एक हर नचल्ने।
- » मुख बाङ्गो भएको।
- » खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
- » हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

कमाउन जति गाह्रो छ, गुमाउन त्यति सजिलो हुन्छ ।

– स्वेटमार्डन

## सम्पादकीय

# मुख्यसचिव नियुक्ति झ्यालबाट

मुख्यसचिव शंकरदास बैरागीलाई कार्यकाल बाँकी छँदै राजीनामा गराएर तीन दिनपछि अनिवार्य अवकाशमा जान लागेका बैकुण्ठ अर्याललाई मुख्यसचिव बनाइएको छ । साढे ३ महिना अगावै मुख्यसचिव पद छाडेका बैरागीलाई भने सुरक्षा परिषद्को राष्ट्रिय सुरक्षा सल्लाहकार बनाइएको छ । बैरागी अब मन्त्री सरहको सुविधा पाउने गरी सुरक्षा सल्लाहकार नियुक्त भएका छन् । नकमम तौलका अर्याललेे ३ वर्ष देशको प्रशासनिक नेतृत्व सम्हाल्नेछन् । कहिले को कुन झ्यालबाट छिर्छन र पद हत्याउँछन अनुमान गर्न नसकिने भएको छ ।

मुख्यसचिव बन्ने लाइनमा रहेकाहरू क्रूद्ध छन् । बैरागी स्वाभाविक रूपमा विदा भएको भए युवा तथा खेलकुद मन्त्रालयका सचिव रहेका सूर्यप्रसाद गौतम मुख्यसचिव बन्ने सम्भावना थियो । उनीसँगै देवकुमारी गुरागाईं, दिनेशकुमार घिमिरे पनि मुख्यसचिव बन्ने सम्भावित दाबेदार थिए । बैरागी र अर्यालसँगै सरकारको नेतृत्वमा बसेकाहरूको मिलेमतोमा 'फिक्सिङ' भएपछि मुख्यसचिव बन्ने लाइनमा रहेका सचिवहरू आहत भएका छन् । दल र सरकारले चाहेको व्यक्तिलाई ल्याउन मुख्यसचिवको पदावधि नसकिँदै राजीनामा गराउनु प्रचलन जस्तै भएको छ ।

असल व्यक्तिलाई मुख्यसचिव बनाए पनि स्थापित विधि, प्रक्रिया र प्रणालीको पालना महत्वपूर्ण हुन्छापर्दा पछाडि खेल खेलेर प्रणाली बलिअढाइ दशकअघिसम्म मुख्यसचिव नियुक्ति प्रक्रिया नियमित जस्तै थियो । बहालवाला मुख्यसचिवको कार्यकाल सकिने बेलामा जो वरिष्ठ सचिव हुन्थे, उही मुख्यसचिव बन्थे । आफ्नो कार्यकाल पूरा गरेर बिदा हुन्थे ।

२०५६ सालमा कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारको पालामा मुख्यसचिवमा आफ्नो मान्छे खोज्ने गलत अभ्यास सुरु भयो । २९ साउन २०५६ मा तत्कालीन बलरामसिंह मल्लले चार महिना पदावधि बाँकी छँदै राजीनामा दिए । कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारले तीर्थमान शाक्यलाई मुख्यसचिव बनायो भने राजीनामा दिएका बलरामसिंहलाई जर्मनीका लागि नेपाली राजदूत बनाएर पठायो । वरिष्ठता मिचेर मुख्यसचिव बनाउने क्रम झाँगियो । ५ असोज २०५९ मा शेरबहादुर देउवा सरकारले वरिष्ठता मिचेर विमल कोइरालालाई मुख्यसचिव बनायो । वरिष्ठता मिचेकै कारण कोइरालाभन्दा वरिष्ठ रहेका श्रीकान्त रेग्मी र शम्भु खनालले राजीनामा दिए ।

२०६६ मा माधवकुमार नेपाल नेतृत्वको सरकारले पनि वरिष्ठता मिचेर माधव घिमिरेलाई मुख्य सचिव बनायो । २२ साउन २०६६ मा घिमिरेलाई मुख्यसचिव बनाएपछि वरिष्ठ सचिवद्वय जनकराज जोशी र उमेश मैनालीले पद छाडे । बाबुराम भट्टराई नेतृत्वको सरकारले आठौं वरीयताका सचिव लीलामणि पौडेललाई मुख्यसचिव नियुक्त गऱ्यो । २२ साउन २०६९ मा पौडेल मुख्यसचिव भएपछि चार जना वरिष्ठ सचिवले राजीनामा दिए ।

राजीनामा दिनेमा शंकर कोइराला, वृन्दा हाडा, श्यामप्रसाद मैनाली र अवनिन्द्रकुमार श्रेष्ठ थिए । एउटै ब्याचका श्रीधर गौतम र जयमुकुन्द खनाललाई उछिन्दै सोमलाल सुवेदी २० साउन २०७२ मा मुख्यसचिव बन्दासम्म वरिष्ठता मिच्ने मात्रै काम भइरह्यो । यो बेलासम्म नियुक्तिका क्रममा वरिष्ठता मिचे पनि मुख्यसचिवले कार्यकाल पूरा गर्थे । अहिले बीचैमा कुनै साँठगाँठ गरेर राजीनामा गराएर आफ्नालाई ल्याउने चलन हटाउन नसकेसम्म पारदर्शी हुनेछैन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : मानसिक तनाव |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# माछापुच्छ्रे –१ शारदा मा.वि. मा निशुल्क दन्त परिक्षण

पोखरापत्र संवाददाता


पोखरा, ३२ जेठ

लियो क्लब अफ पोखरा नर्थको आयोजनामा कास्कीको माछापुच्छ्रे गा.पा-१, खहरेटोलमा रहेको श्री शारदा माध्यमिक विद्यालयमा बिहीबार निःशुल्क दन्त शिविर सम्पन्न भएको छ ।

कान्तिपुर डेन्टल हस्पिटल न्युरोडको प्राविधि सहयोगमा भएको दन्त शिविरमा विद्यालयका छात्रा-छात्र,शिक्षक-शिक्षिका गरि १९५ जनाले दंत स्वास्थ्य जाँच गराएका थिए ।

परिक्षण गराएका मध्य १० प्रतिशतमा स्केलिङ, आर.सि.टि,दात फिल्मुपन, दाँत भर्न पर्ने, समस्याहरु देखिएको र अन्यको दंत स्वास्थ्य अवस्था सामान्य रहेको कान्तिपुर डेन्टलका सि.ई.व प्रतिकमान श्रेष्ठले जानकारी दिनुभयो ।

पब्लिक हेल्थ अफिसर आयुशा अधिकारीले दन्त शिविरमा परिक्षण गराएका विरामीलाई अस्पताल जाँदा १५ प्रतिशतसम्म छुट दिने घोषण गर्नुभएको थियो । सोहि अवसरमा विद्यालयका प्रधानाध्यापक चाहना पुनले विद्यार्थीको दन्त स्वास्थ्य परिक्षण सहतिको जनचेतना कार्यक्रम गरि सहयोग गर्नुभएकोमा धन्यवाद ब्यक्त गर्नुभयो । रेडियो हेमजाका स्टेशन म्यानेजर एंव लियो क्लब अफ हेमजाका अध्यक्ष निराजन अधिकारीले आयोजक, प्रविधिक समुह, विद्यालय परिवार लगाएत सहभागि विद्यार्थीहरुलाई बिषेश धन्यवाद दिदै शैक्षिक निरन्तरता साथ नेतृत्व र व्यक्तित्व विकास सँगै सामाजिक कार्यमा लाग्नु पर्ने जोड दिनुभयो । क्लबका अध्यक्ष मनिष तिम्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा लियो प्लेज लिं सिद्धर्थ सापकोटाले, ध्वजाको अभिवादन लि.स्वस्थिका बरालले साथै सहजिकरण क्लबका प्रथम उपाध्यक्ष लिं अनिष दाहालले गर्नुभएको थियो ।



# किसानलाई बाँदर धपाउने बन्दुक निःशुल्क वितरण

पोखरापत्र संवाददाता

तनहुँ, ३२ जेठ

बन्दीपुर गाउँपालिकाले बाँदरका कारण पीडित कृषकलाई बाँदर धपाउनका लागि ३० वटा बन्दुक निःशुल्क वितरण गरेको छ । गाउँपालिका मातहत रहेका छ वटै वडाका कृषकलाई पहिलो चरणमा बाँदर धपाउने बन्दुक वितरण गरिएको हो ।

ठूलो आवाज आउने भएकाले अन्य उपकरणको तुलनामा बाँदर धपाउनका लागि यो उपकरण निकै प्रभावकारी रहेको गाउँपालिकाका प्रवक्ता शिवकुमार श्रेष्ठले जानकारी दिनुभयो । पहिलो चरणमा अत्यधिकमात्रामा बाँदरले दुःख दिएर हैरान बनाएका क्षेत्रका किसानलाई प्राथमिकता दिँदै आएको गाउँपालिकाले जनाएको छ । बाँदरले क्षति नगर्ने किसिमका वैकल्पिक खेतीतर्फ अग्रसर बन्न गाउँपालिकाले प्रोत्साहन गर्दै आएको उहाँले बताउनुभयो । खेतबारीमा लगाइएको अन्नबाली र तरकारी बाली नष्ट गर्न थालेपछि किसानले गाउँपालिकासँग बाँदर धपाउने उपकरण माग गरेको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिनुभयो । कृषकका मागलाई सम्बोधन गर्न गाउँपालिका कार्यालयले रु एक लाख बजेट विनियोजन गरेको उहाँले बताउनुभयो । कृषि ज्ञान केन्द्रले बाँदरले हैरान दिएका क्षेत्रमा वैकल्पिक खेतीका रुपमा बेसार र अदुवालगायतका खेती लगाउन कृषकलाई आग्रह गरेको छ । बाँदरले हैरान बनाएपछि व्यास नगरपालिका-८ र १३ गरी दुई वडामा करिब दुई सय रोपनी क्षेत्रफलमा परीक्षणकारुपमा व्यावसायिक तरिकाले बेसारखेती गर्न थालिएको छ । कार्यालयले दुई वडाका लागि रु सात लाख अनुदान प्रदान गरिसकेको वरिष्ठ कृषि विकास अधिकृत कुलप्रसाद तिवारीले जानकारी दिनुभयो । "हामीले पैसा दिएका छौं, कृषकले बीउबिजन र आवश्यकपर्ने औजार खरिद गरेका छन्", उहाँले भन्नुभयो ।

# सीमा विवाद नटुङ्गिँदा पूर्वाधार निर्माणमा समस्या

पोखरापत्र संवाददाता

बागलुङ, ३२ जेठ

राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गले जोडिनुपूर्व बागलुङ, पूर्वी रुकुम र रोल्पाको सिमाना पातीहाल्ने गुमनाम थियो । यहाँ तीन जिल्लाका भेडी गोठालाले भेडा चरन क्षेत्रका रुपमा प्रयोग गर्दै आएका थिए ।

स्थानीय तहको स्थापनापछि निसीखोला गाउँपालिकाले विसं २०७५ मा रिगतालको पहिचान गरी प्रचारप्रचार र पूर्वाधार निर्माण गरेको थियो । पातीहाल्ने क्षेत्र र रिगताल प्रचारप्रसारपछि पर्यटकीय गन्तव्यका रुपमा विकास हुँदै गए । सोही वर्ष पूर्वी रुकुमको भूमे गाउँपालिकाले बागलुङको भू-भागमा आएर प्रवेशद्वार निर्माण गरेपछि विवाद सिर्जाना भएको थियो ।

पाँच वर्ष अगाडिदेखि सुरु भएको विवाद अहिलेसम्म सुल्झिन सकेको छैन । सीमा विवाद नसुल्झिँदा पर्यटकीय क्षेत्रमा पूर्वाधार निर्माणको काम ठप्प भएको छ । सरोकारवालाले विवाद मिलाउन कोसिस गरे पनि अहिलेसम्म कुनै पनि निचोड निस्किएको छैन । पातीहाल्ने दुई जिल्ला मात्रै नभएर गण्डकी र लुम्बिनी प्रदेशकै सीमा क्षेत्र पनि हो । दुवै जिल्लाका सरोकारवालाबीच पटक-पटक सहमति जुटाउने प्रयास विगतमा भए तर त्यसले कुनै सहमति नजुटेपछि विवाद कायमै रहेको हो । दुई वर्ष अगाडि सीमा विवाद टुङ्ग्याउन कार्यदलसमेत बनेको थियो । कार्यदलसमेत विवाद टुङ्याउन सकेन । दुवै जिल्लाका जनप्रतिनिधिले विवाद नसुल्झिएसम्म यस क्षेत्रमा विकास निर्माणका काम नगर्ने सहमति भए पनि भूमे गाउँपालिकाले बागलुङको भूभागतिर ल्याउने गरि सडक निर्माण गरिरहेको निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले बताउनुभयो । विवाद टुङ्गाएर काम गर्ने गरी निसीखोला गाउँपालिकाले चालु आर्थिक वर्षमा रु पाँच लाख विनियोजन गरेको उहाँको भनाइ छ ।

सहमतिविपरीत भूमे गाउँपालिकाले विवाद नटुङ्ग्याइ काम गरिरहेको अध्यक्ष घर्तीमगर भन्नुहुन्छ । "पहिले सीमाको बारेमा कुनै विवादनै थिएन, जब निसीखोला गाउँपालिकाले रिगतालको विकास गर्न थाल्यो, पातीहाल्नेदेखि तालसम्म जोड्ने सडक बनायो, पर्यटक पनि आउन थाले त्यसपछि भूमे गाउँपालिकाले हाम्रो भने र दावी गर्न थाल्यो", अध्यक्ष घर्तीमगरले भन्नुभयो, "यो भू-भाग बागलुङकै हो, यहाँ वर्षौदेखि बागलुङे मान्छेले उपयोग गर्दै आएका थिए, विवाद मिलाउन धेरै पटक प्रयास भएका थिए, सफल नर्भएपछि विवाद नरोकिएसम्म यस क्षेत्रमा कुनै पनि पालिकाले विकास निर्माणका काम नगर्ने भन्ने सहमति गऱ्यौं तर उहाँहरूले अहिले काम गरी राख्नुभएको छ ।"मध्यपहाडी लोकमार्गले दुई जिल्ला नजोडिँदा यस क्षेत्रमा निसीखोलाका स्थानीयले चरन क्षेत्रका रुपमा प्रयोग गर्दै आएको निसीखोला गाउँपालिका-६ का स्थानीय पानबहादुर विकले बताउनुभयो । घर्तीले रिगतालमा पछिल्लो समय सयौं पयर्कट आउन थालेपछि रुकुमले आफ्नो दाबी गरेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "पहिला यो ठाउँ सुनसान थियो, गोठालाबाहेक अरु कोही आउँदैनथे, बाह्रै महिना चिसो हुन्छ, अहिले पातीहाल्नेमा घर बनेर व्यापार पनि सुरु भएको छ, दिनदिनै गुम्न आउनेको भीड हुन्छ, वर्षौदेखि हामीहरूले प्रयोग गर्दै आएको ठाउँलाई कसरी उनीहरूको भनेर स्वीकार गर्ने ? यो विवाद राज्यले मिलाउनुपर्छ ।"

# स्वास्थ्य सुविधा विस्तार गरिँदै

पोखरापत्र संवाददाता

तनहुँ, ३२ जेठ

तनहुँको आँबुखैरेनी गाउँपालिकाले स्वास्थ्य सुविधा विस्तार गर्दै लगेको छ । गतवर्ष सम्पन्न स्थानीय तहको निर्वाचनपश्चात् आएका जनप्रतिनिधिले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर काम अगाडि बढाएका छन् ।

गाउँपालिकामा रहेको स्वास्थ्यचौकीलाई गत मङ्सिरदेखि १५ शय्याको अस्पतालमा स्तरोन्नति गरिएको छ । गाउँपालिकाले उक्त अस्पतालमा आँखा उपचार केन्द्रसमेत विस्तार गरेको छ । स्थानीय तहको निर्वाचनका बेला जनतामाझ जाँदा स्वास्थ्य क्षेत्रमा केही काम गर्छौं भनेर प्रतिबद्धता गरेकाले सोही प्रतिबद्धता पूरा गर्न स्वास्थ्य सेवा विस्तार गर्दै लगिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताउनुभयो । उहाँले भन्नुभयो, "नागरिकको स्वास्थ्य सबैभन्दा महत्वपूर्ण विषय हो । स्वास्थ्य क्षेत्रलाई विस्तार गर्दै नागरिकलाई सहज स्वास्थ्य सुविधा उपलब्ध गराउन काम गर्छौं भनेर लागिपरेका छौं ।" अध्यक्ष चुमानका अनुसार गाउँपालिकासँगै रहेको स्वास्थ्यचौकीलाई १५ शय्याको अस्पतालमा विस्तार गरी सञ्चालन गरिएको छ । अस्पतालबाट इमर्जेन्सी, आधारभूत प्रयोगशाला, एक्सरे, भिडियो एक्सरे, इसिजी, फार्मेसी लगायतका सेवा प्रदान भइरहेको छ । उहाँले भन्नुभयो, "एक/डेढ वर्ष पहिला भिडियो एक्सरे गर्नु परे चितवन जानुपर्ने अवस्था थियो । निर्वाचनका बेला स्थानीयस्तरमा सुविधासम्पन्न स्वास्थ्य सेवा उपलब्ध गराउने प्रतिबद्धता गरेका थियौँ । एक वर्षमा स्वास्थ्य चौकीलाई अस्पतालका रुपमा स्तरोन्नति गरी सेवा दिइरहेका छौँ ।" अध्यक्ष चुमानका अनुसार गाउँपालिकाले आफ्नै स्रोतमा एमडिजिपी चिकित्सक(विषयगत विधाका विशेषज्ञ चिकित्सक) नियुक्त गरेको छ । "एमजिडिपी डाक्टर गाउँपालिकाले राख्न सक्ने भनेर खिस्सीटट्टा गर्थे । अहिले पालिकाको पहलमा अस्पतालले विशेषज्ञसहितको सेवा दिइरहेको छ", उहाँले भन्नुभयो । यहाँ सञ्चालित अस्पतालबाट बिरामी बाहिर लैजानपरे गाउँपालिकाले एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गराउने गरेको उहाँले जानकारी दिनुभयो । अध्यक्ष चुमानले स्वास्थ्यलाई प्राथमिकतामा राखेर काम गरिरहेको जनाउँदै आवश्यक परे विकास बजेट घटाएर स्वास्थ्य क्षेत्रमा लगानी गरिने बताउनुभयो । "हामी बरु भत्ता नलिउँला, तर स्थानीयलाई गुणस्तरीय स्वास्थ्य सुविधा दिन्छौं", उहाँको भनाइ थियो । अहिले अस्पताल सञ्चालनका लागि केही रकम लिनपरेको भन्दै निकट भविष्यमा अस्पतालबाट उपलब्ध हुने सेवालाई निःशुल्क बनाइने चुमानले बताउनुभयो ।

उहाँले भन्नुभयो, "केही बाध्यताका कारण उपचारका लागि केही रकम लिनुपरेको छ । औषधि किन्ने बेला गाह्रो भइरहेको छ । चाँडोभन्दा चाँडो अस्पताललाई बीमामा सूचीकृत गराउन प्रयासरत छौं ।" गाउँपालिकाले निकट भविष्यमा शल्यक्रिया सेवा सुरु गर्ने तयारी गरिरहेको अध्यक्ष चुमानले जानकारी दिनुभयो । उहाँका अनुसार सुत्केरी, एपेन्डिक्स, हर्निया र हाइड्रोसिलको शल्यक्रिया सेवा सुरु गर्ने तयारी भइरहेको छ । भरतपुर आँखा अस्पतालसँगको सहकार्यमा गाउँपालिकाले केही दिन अघिदेखि आँखा उपचार केन्द्र सञ्चालनमा ल्याएको अध्यक्ष चुमानले बताउनुभयो । केन्द्र सञ्चालनमा आएसँगै आँखाको उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यता अन्त्य भएको उहाँको भनाइ थियो । आँखाको उपचारका लागि आँबुखैरेनी गाउँपालिकासँगै छिमेकी जिल्ला गोरखा, बन्दिपुरलगायतका बासिन्दालाई भरतपुरसम्म जानुपर्ने बाध्यता हटेको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख अगमराज उपाध्यायले बताउनुभयो ।

आँबुखैरेनीमा आँखा उपचार केन्द्र स्थापनापछि सबैलाई सहज भएको उहाँको भनाइ थियो । भरतपुर आँखा अस्पतालसँग गरिएको सम्झौता अनुसार आँखा केन्द्र स्थापनाका लागि आवश्यक दुई कोठे भवन गाउँपालिकाले उपलब्ध गराएको छ । केन्द्र स्थापनाका लागि चालु आर्थिक वर्षदेखि पाँच वर्षसम्म वार्षिक रू छ लाखका दरले भरतपुर आँखा अस्पताललाई सहयोग गरिने सम्झौतामा उल्लेख गरिएको छ । "आँखा उपचार केन्द्रका लागि गाउँपालिका र भरतपुर आँखा अस्पतालको सहकार्यमा ओपिडी टिकट र केन्द्रमा टाँसिने ब्यानरमा नेपाल सरकारको लोगो राख्न स्वीकृति दिने सम्झौता भएको छ", स्वास्थ्य शाखा प्रमुख उपाध्यायले भन्नुभयो । उहाँका अनुसार केन्द्रमा एकजना सहायकस्तरको कर्मचारी राखिएको छ ।

# नेपालले पाकिस्तानलाई हरायो

रासस

काठमाडौं, ३२ जेठ

माल्दिभ्समा जारी फाइभ नेसन्स पुरुष बास्केटबल च्याम्पियनसीपमा नेपालले पाकिस्तानलाई पराजित गर्दै प्रतियोगितामा पहिलो जित दर्ता गरेको छ ।

मालेमा बिहीबार भएको खेलमा नेपालले पाकिस्तानलाई ६६-६२ ले पराजित गर्दै विजयी भएको हो । यस जितसँगै नेपालको सेमिफाइनल पुग्ने सम्भावना जीवित रहेको छ । यसअघि भएको पहिलो खेलमा नेपाल भूटानसँग पराजित भएको थियो । नेपालले आगामी असार २ गते बङ्गलादेशसँग तेस्रो खेल खेल्नेछ । प्रतियोगितामा नेपालसहित माल्दिभ्स, बङ्गलादेश, भूटान र पाकिस्तानको सहभागिता रहेको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ०३ पाण्डेचोकदेखि भैरवटोलसम्मको सडक तथा नाला निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम: पाण्डेचोकदेखि भैरवटोलसम्मको सडक तथा नाला निर्माण**

**स्थान: पोखरा–३ नदीपुर, पोखरा**

**योजना सम्झौता मिति : २०७९/१२/०२ गते**

**योजना सुरु भएको मिति : २०७९/१२/०३ गते**

**योजना सम्पन्न भएको मिति : २०८०/०२/२५ गते**

**योजनाको कुल लागत : रु. ३०,६०,००० |–**

**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.२६,००,००० |–**

**जनश्रमदानबाट : ४,६०,०००|–**

**उपभोक्ता समिति अध्यक्ष: महाविर थापा**

**मो. ९८४६१४३७४९**

**उपभोक्ता समिति संख्या: ७ जना, पुरुष ४ महिला ३ जना**

**अनुगमन समिति संयोजक: उमेश पराजुली**

**कन्या मार्ग ढल निर्माण उपभोक्ता समिति**

**पोखरा-०३, नदीपुर, कास्की**

# रक्तदाता कृष्ण थापा सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, ३२ जेठ




राष्ट्रिय लोकदोहोरी गीत प्रतिष्ठान गण्डकी प्रदेश समितिले रक्तदाता अभियन्ता कृष्णबहादुर थापालाई सम्मान गरेको छ।

शुक्रबार उनलाई प्रतिष्ठानका संस्थापक अध्यक्ष प्रजापति पराजुली, पूर्व अध्यक्ष पुरुषोत्तम न्यौपानेले कदरसपत्रसहित सम्मान गरेका हुन् । सो कार्यक्रमको शुभारम्भ गर्दै प्रतिष्ठानका संस्थापक अध्यक्ष पराजुलीले कलाकारलाई कलाकारिता माध्यमबाट आफ्नै खुट्टामा उनि सक्ने बन्नु सकारात्मक भएको बताए । प्रतिष्ठान गण्डकी प्रदेश अध्यक्ष राजन कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा प्रतिष्ठान केन्द्रका पूर्व अध्यक्ष न्यौपाने, प्रतिष्ठानका संरक्षक यम गुरुङ, केन्द्रीय सचिव जीवन दाहाल, पूर्व अध्यक्ष एवं रेडक्रस कास्की मन्त्री सुरेन्द्र गुरुङ, पूर्व अध्यक्ष चोलेन्द्र पौडेल, सम्मानित व्यक्तित्व थापा, कार्यक्रम संयोजक कृष्ण सुवेदी, उपाध्यक्ष रामजी पौडेल, रक्तसञ्चार केन्द्र पोखराका प्रमुख अर्जुन ज्ञवाली लगायतले बोलेका थिए।

२०५५ सालदेखि नियमित रक्तदान गर्दै आएका कृष्णथापाले हासम्म ७३ औं पटक रक्तदान गरिसकेका छन् । रेडियो सराङकोटका कार्यकारी निर्देशक उनी सृजना विकास केन्द्रका अध्यक्ष हुन् । सञ्चार कर्म एवं सामाजिक कार्यमा क्रियाशील थापा विभिन्न संघसंस्थामा आबद्ध छन् । कार्यक्रममा ६६ युनिट रगत संकलन भएको थियो । सो अवसरमा कलाकारले विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए भने सहयोगी संघसंस्था तथा व्यक्तिलाई सम्मान गरिएको थियो।

# दरौँ खोलामा 'ट्रस ब्रिज' निर्माण

पोखरापत्र संवाददाता
वालिङ, ३२ जेठ

स्याङ्जाको अर्जुनचौपारी गाउँपालिकाको सदरमुकाम अर्जुनचौपारी बजार छेउ भएर बग्ने दरौँ खोलामा 'ट्रस ब्रिज' निर्माण गरिएको छ । अर्जुनचौपारी-१ र २ लाई जोड्न उक्त पुल निर्माण गरिएको हो ।

अर्जुनचौपारी बजारलाई दुई भागमा विभाजन गर्दै दरौँ खोला बगेको छ । मुख्य बजारको बीच भागमा तीन दशकअघि निर्माण गरिएको झोलुङ्गे पुल जीर्ण बनेपछि ट्रस ब्रिज निर्माण गरिएको हो । झोलुङ्गे पुलमा प्रयोग गरिएको काठ कुहिएपछि दुर्घटनाको जोखिम थियो । स-साना बालबालिकालाई विद्यालय जान असहज भएको थियो ।

"पुल जीर्ण बनेपछि आवतजावतमा समस्या भएको थियो", अर्जुनचौपारी गाउँपालिकाका अध्यक्ष प्रकाश तिवारीले भन्नुभयो, "बजारको बीच भागमा रहेकाले लठ्ठा तानेर पुल बनाउन नमिल्ने भएपछि 'ट्रस ब्रिज' को डिजाइन गरी पुल निर्माण गरेका हौँ ।"

सङ्घीय सरकारको रु २९ लाख, गाउँपालिकाको रु २० लाख र स्थानीयवासीको रु एक लाखको लागतमा पुल निर्माण सम्पन्न भएको हो । पुलको लम्बाइ ३२ मिटर रहेको छ ।

# सामुदायिक विद्यालयमा घटे विद्यार्थी

पोखरापत्र संवाददाता
पर्वत, ३२ जेठ

यहाँका सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या घट्दै जान थालेको छ । कतिपय विद्यालयमा कक्षा नै खाली भएको समेत देखिएको छ । अभिभावकको अङ्ग्रेजी मोह, बसाइँसराइ, जन्मदरमा कमी, अभिभावक बजारमा बसेर सन्ततिलाई बजारमै पढाउने कारण गाउँका विद्यालयमा विद्यार्थी घट्दै गएको पाइएको हो ।

दुर्गम ठाउँमा मात्रै नभएर सुगम ठाउँमा पनि विद्यालय खाली हुन थालेको देखिएका छन् । कुश्मा नगरपालिका-९ कटुवाचौपारीस्थित चम्डिलामा रहेको जनप्रिय प्राथमिक विद्यालय पनि रित्तिन थालेको छ । कक्षा १ देखि ५ सम्म पढाइ हुने उक्त विद्यालयमा अहिले ११ मात्रै विद्यार्थी पढ्दै आएका छन् । कक्षा ५ मा एकजना पनि विद्यार्थी छैनन् । कक्षा १ मा दुई, कक्षा २ मा तीन, कक्षा ४ मा छ विद्यार्थी रहेका छन् । विगतमा भरिभराउ रहेको सो विद्यालय अहिले खाली भएको हो । प्रधानाध्यापक कमला शर्माले विद्यालयको पढाइ राम्रो भए पनि अभिभावकले विश्वास नै नगर्ने समस्याले विद्यालयको स्थिति कमजोर बनेको बताउनुभयो । उहाँले नजिकैको माध्यमिक विद्यालय, बोर्डिङ स्कुल र सदरमुकामका बोर्डिङमा बालबालिका पढ्न जाने भएकाले आफ्नो विद्यालयमा विद्यार्थी सङ्ख्या न्यून भएको बताउनुभयो । उक्त विद्यालयमा स्थायी, निजी स्रोत र बालविकासका शिक्षक तथा कार्यालय सहयोग गरेर छजना कार्यरत हुनुहुन्छ । विसं २०५६ मा समुदायको आवश्यकता र औचित्यताका आधारमा स्थापना भएको यो विद्यालय समुदायकै चासो र चिन्ता नहुँदा विद्यार्थीविहीन बन्न थालेको सरोकारवाला बताउँछन् ।

प्रधानाध्यापक शर्माले भर्ना अभियान, घरदैलो र विद्यालय सुधारका बारेमा नियमित छलफल चलाउँदै आए पनि अभिभावकले आफ्ना छोराछोरीलाई बोर्डिङमा पठाउँदा विद्यालयमा विद्यार्थी बढ्न नसकेको दुःखेसो गर्नुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वासुदेव लामिछानेले समुदाय र शिक्षकको चासो बढ्ने हो भने विद्यालयमा विद्यार्थी बढाउन सकिने बताउनुभयो । उहाँले यसका लागि सबैले कोसिस गर्नुपर्ने बताउनुभयो ।

शिक्षकले नै आफ्ना छोरानातिलाई बोर्डिङमा पठाउने गरेको र अभिभावकले सरकारी विद्यालय भनेर हेलाको दृष्टिले हेर्दा विद्यार्थी सङ्ख्या बढाउन नसकेको लामिछानेले बताउनुभयो । वडाध्यक्ष राम शर्मा लामिछानेले उक्त विद्यालयको समस्याका बारेमा नगरपालिकामा आफूले धेरै पटक जानकारी दिइसकेको बताउनुभयो । विद्यार्थी सङ्ख्या बढाउन विद्यालय प्रशासन र समुदायलाई ध्यानाकर्षण गराए पनि सुधार हुन नसकेको लामिछानेले बताउनुभयो । विद्यालयमा विद्यार्थी सङ्ख्या बढाउने वा नजिकैको विद्यालयमा गाभ्ने भन्ने विकल्पमा रहेको जनाउँदै उहाँले वडाका तर्फबाट सहजताका लागि पहल भइरहेको लामिछानेले बताउनुभयो । यहाँका ग्रामीण क्षेत्रमा रहेका अधिकांश सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या घट्दै गएको शिक्षा विकास समन्वय एकाइका प्रमुख उद्धिमराज पौडेलले बताउनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ०९ नयाँबजार शिव मन्दिरदेखि सिद्धमार्गसम्म पुन पिच र दायाँबायाँ फुटपाथमा छपनी विछ्याउने र कृष्ण मन्दिर निर बाटो निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम: नयाँबजार शिव मन्दिरदेखि सिद्धमार्गसम्म पुन पिच र दायाँबायाँ फुटपाथमा छपनी विछ्याउने र कृष्ण मन्दिर निर बाटो निर्माण कार्य**
**स्थान: पोखरा–९ कास्की**
**योजना सम्झौता मिति : २०७९/१०/११ गते**
**योजना सुरु भएको मिति : २०७९/१०/१५ गते**
**योजना सम्पन्न हुने मिति : २०८०/०२/१५ गते**
**योजनाको कुल लागत : रु. २९,४१,९१४.१३।–**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.२५,००,०००।–**
**जनश्रमदानबाट : ४,४१,९१४.१३।–**
**उपभोक्ता समिति अध्यक्ष: तिर्थ बहादुर बस्नेत**
**मो. ९८५६०२००८०**
**उपभोक्ता समिति जम्मा सदस्य: १३ जना महिला: ५ पुरुष: ८**

**शिव मन्दिरदेखि सिद्धमार्गसम्म पुन पिच र दायाँबायाँ फुटपाथमा छपनी विछ्याउने र कृष्ण मन्दिर निर बाटो निर्माण कार्य उपभोक्ता समिति पोखरा-९, कास्की**


# हाइकिङमार्फत मह गाउँको प्रवर्द्धन

–वासुदेव पौडेल
गण्डकी, ३२ जेठ (रासस)

शुक्लागण्डकी नगरपालिका-२ मा पर्छ दगाम गाउँ । यस गाउँमा २३ घर रहेका छन् । बीस घरमा मगर तथा तीन घरमा गुरुङ जातिको बसोबास रहेको छ।

गाउँका सबै घरमा मौरीका घार छन् । यहाँको मह स्वदेशमा मात्रै नभई विदेशमा पनि निर्यात हुने गरेको छ । पछिल्लो समयमा त दगामको पहिचान नै मह गाउँ बनेको छ । उत्तरपट्टि लस्करै मिलेका चाँदीजस्तै टलक्क टल्केका अन्नपूर्ण, धौलागिरि, मनास्लुसहित माछापुच्छ्रेलगायत हिम चुचुरासँग नाङ्गा आँखा जुधाउन सकिनु यहाँको विशिष्टता हो । दक्षिण, पूर्व र पश्चिमतर्फ ठम्याउन सकिने नौवटा जिल्लाका रमणीय दृश्यसमेतले यहाँको पर्यटकीय महत्व चुलिएको छ । प्राकृतिक सौन्दर्य, स्वच्छ हावापानी, जैविक खाना, मौलिक लोक संस्कृति, स्थानीयको आत्मीय व्यवहार एवं यहाँको महले देश तथा विदेशमा पाएको चर्चासँगै ठाउँठाउँबाट पर्यटक पुग्न थालेपछि स्थानीयवासी हौसिएका छन् । मह गाउँकै रुपमा बढ्दै गएको चर्चासँगै हाइकर्स क्लब नेपालले आफ्नो ३५ औँ शृङ्खला दगाममा सम्पन्न गरेको संयोजक कृष्ण रानाभाटले जानकारी दिनुभयो । 'स्वास्थ्य र पर्यटनको लागि हाइकिङ' मूल नाराका साथ विगत तीन वर्षदेखि सञ्चालन भइरहेको हाइकिङ यस पटक दगाममा गरेका हौँ", उहाँले भन्नुभयो । "प्रत्येक महिनाको अन्तिम शनिबार पोखरा र आसपासका पर्यटकीय गन्तव्यलाई एक दिने हाइकिङका माध्यमबाट प्रवर्द्धन गर्ने गरिएकोमा यस पटक दगामलाई छनोट गरिएको उहाँले बताउनुभयो । दगाम सामुदायिक होमस्टे र यहाँका स्थानीयको सरल, निश्चल र सहयोगी भावनालाई यसअघि सुन्ने गरिएकोमा पुगेरै प्रत्यक्ष अनुभव गरिएको उहाँले सुनाउनुभयो । दगाम शुद्ध महका लागि पनि पुग्नै पर्ने गन्तव्यका रुपमा आफूहरूले पाएको बताउँदै रानाभाटले हिमाली एवं पहाडी भूभागको दृश्यावलोकनसँगै यहाँको महलाई पर्यटनसँग जोड्न सकिने पर्याप्त सम्भावना रहेको बताउनुभयो ।

दगाम सामुदायिक होमस्टेमा पुग्ने जो कोहीलाई स्थानीयले अतिथि देवो भवःको मन्त्रलाई आत्मसात् गर्दै अबिर, फूलको गुच्छा प्रदान गर्नुका साथै परम्परागत मगर जातिको मौलिक कौरा नृत्यले स्वागत गरिन्छ । तनहुँ र कास्कीको सिमानामा पर्ने पृथ्वी राजमार्गको कोत्रे बजारबाट दगाम पुग्न गाडीको सुविधा छ भने हाइकिङ गरी ज्वालादेवी सामुदायिक वन, मकनपुर गाउँ, भुजिकोट हुँदै पनि यहाँ पुग्न सकिन्छ । मौरीपालनका माध्यमबाट दगाम गाउँले आफ्नो छुट्टै पहिचान गराउन सफल भएको अगुवा समाजसेवी नन्दबहादुर थापाले बताउनुभयो । स्वदेश तथा विदेशमा यहाँको मह पुग्ने गरेको बताउँदै उहाँले गाउँबाटै प्रतिकिलो रु एक हजार पाँच सयमा बिक्री भइरहेको जानकारी दिनुभयो । मह उत्पादन जति गर्न सके पनि बजारको समस्या नरहेको उहाँको भनाइ छ । पछिल्ला समयमा विशेषतः बिदाका दिनमा कास्की तथा तनहुँका विभिन्न स्थानबाट पर्यटक दगाम आउने गरेको दगाम सामुदायिक होमस्टे व्यवस्थापन समितिकी अध्यक्ष तिला थापा मगरले बताउनुभयो ।

दगामबाट देखिने हिमालसँगै वरपरका हरिया डाँडाहरू, शुक्लागण्डकी क्षेत्रको अतिरिक्त पोखराको फेवातालसम्मका दृश्यमा पर्यटक लोभिने गरेको उहाँको भनाइ छ । प्रकृति, संस्कृति र आत्मीयताले पर्यटक आउन थालेपछि यहाँका स्थानीयवासी विसं २०६५ मा नेपालकै पहिलो घरवास(होमस्टे) सुरु भएको स्याङ्जाको सिरुबारी गाउँ पुगेका थिए । त्यहाँको अवलोकन पछि दगाममा घरबास सुरु गरिएको उहाँले जानकारी दिनुभयो । घरवास चलाउन २०६३ सालदेखि नै योजना बनाए पनि सिरुबारीको प्रेरणाले यसतर्फ लागिएको स्थानीयवासी बताउँछन् । घरवासमा आउने पर्यटकले कोदो, मकैको परिकारसँगै लोकल कुखुराको मासुलगायतका स्थानीय परिकार नै बढी रुचाउने गरेको स्थानीयको अनुभव छ । आफूहरूले सकेसम्म भटमास, मस्याङ, गुन्द्रुक, ढिँडो, महलगायतका स्थानीय परिकार नै खुवाउने गरेको अध्यक्ष थापामगरले जानकारी दिनुभयो । घरवासमा आउने पर्यटकका लागि रु एक हजार चार सयको प्याकेज उपलब्ध छ । यसमा दिउँसो र बिहानको खाजा, बिहान बेलुकाको खाना, मनोरञ्जन र आवासको सुविधा मिलाइएको छ । प्रत्येक दिन ४० जना पाहुना राख्न सक्ने क्षमता रहेको दगाममा आएका पर्यटकले मह खरिद गरी लैजान थालेपछि स्थानीयवासीमा अझै उत्साह थपिएको छ ।

मगर र गुरुङ जातिको संस्कृति पनि यहाँको आकर्षण हो । कात्तिक-मङ्सिरमा बालन नाच, मङ्सिरदेखि माघसम्म नचरी, सोरठी र ख्याली, फागु पूर्णिमादेखि कौरा नाच देखाइने यो गाउँमा संस्कृति संरक्षणलाई पनि उत्तिकै प्राथमिकता दिइएको छ । प्राचीन घाटुनाचको संरक्षणलाई पनि स्थानीयले जोड दिएका छन् ।

चैत-वैशाखमा वरपरका जङ्गलमा ढकमक्क फुल्ने लालीगुराँसले यहाँ आउने जो-कसैको मन लोभ्याउने गर्दछ । गाउँ पर्यटनमा प्रचुर सम्भावना बोकेर पनि पूर्वाधारको अभावका कारण दगाम अझै ओझेलमा गरेको अर्का स्थानीयवासी तीलबहादुर थापामगरले बताउनुभयो ।

दगामको राम्रोसँग प्रवर्द्धन गर्दै पर्यटकको आगमन बढाउन सकेमा यो अन्य स्थानका लागि पनि प्रेरक बन्न सक्ने पाइएको हाइकर्स क्लब नेपालका संयोजक रानाभाटले बताउनुभयो । "दगाममा उत्पादन हुने महलाई कृषि पर्यटनसँग पनि जोड्न सकिने धेरै सम्भावना छन्", उहाँले भन्नुभयो । पृथ्वी राजमार्गको कोत्रेबाट चार/पाँच घण्टाको हाइकिङबाट यहाँ पुग्न सकिन्छ ।

# नौ वर्षीय नाबालक बसे आमाको काजकिरियामा

पोखरापत्र संवाददाता
तनहुँ, ३२ जेठ

व्यास नगरपालिका-१२ स्थित कमलबारी निवासी नौ वर्षीय छोरा किस्मत दरै आमाको काजकिरिया बसेका छन् । आमा शर्मिलाको २६ वर्षको उमेरमा मृत्यु भएपछि नाबालक छोरा विधिवतरूपमा काजकिरियामा बसेका हुन् ।

सुत्केरी गराउने क्रममा आमा शर्मिलाको पोखरास्थित गण्डकी अस्पतालमा मृत्यु भएपछि छोरा काजकिरियामा बसेका हुन् । मृतक दरैको बुधबार दमौलीस्थित छाब्दी दोभानघाटमा जातीय पराम्पराअनुरुप अन्त्येष्टि गरिएको हो । जेठ २८ गते दमौली अस्पतालमा उपचारका लागि लगे पनि सम्बन्धित चिकित्सक नभएको जानकारी पाएपछि देउरानीलाई पोखरा लगिएको मृतककी जेठानी निरु पौडेल दरैले जानकारी दिनुभयो । उपचारका क्रममा नवजात शिशुलाई बचाउन नसकेपछि आमालाई बचाउन चिकित्सकले भने अनुरुप पाठेघरसमेत फयाँक्दा पनि बचाउन नसकिएको उहाँले दुःखसो पोख्नुभयो । अस्पतालका चिकित्सकको लापरवाहीका कारण महिला र शिशु दुवैको मृत्यु भएको भन्दै मृतकका आफन्तले केही दिनसम्म शव बुझ्न मानेका थिएनन् । शव नबुझेपछि पीडित पक्ष र अस्पतालका चिकित्सकबीच द्विपक्षीय छलफल भएको थियो । छलफलका क्रममा मृतकका छोरा नौ वर्षीय किस्मतको जीवनभर स्वास्थ्योपचारमा छुट दिने सहमति भएको मृतककी हजुर बुवा चीजबहादुर दरैले जानकारी दिनुभयो । अस्पतालले मृतक महिलाको शव दमौली घाटसम्म निःशुल्करूपमा ल्याइदिन सहयोग गरेको उहाँले बताउनुभयो ।


**तमसोमा ज्योतिर्गमय**

## श्री भाग्योदय माध्यमिक विद्यालय

Shree Bhagyodaya Secondary School
**भीरकोट नगरपालिका, ६, उजेलीडाँडा, स्याङ्जा ।**

## क्याटलग शपिङ विधिबाट स्कूलबस खरिद सम्बन्धी सूचना

मिति २०८०-०३-०१

**यस श्री भाग्योदय मा.वि.को लागि एक थान ४१ सिटर स्कूल बस आवश्यक पर्न गएकोले नेपाल सरकारबाट आवश्यक कर छुट माग गरी कर छुट पछिको हुन जाने न्यूनतम् लागत मूल्यमा सार्वजनिक खरिद ऐन२०६३ को दफा ८ को उपदफा १ (क ट) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहितको) नियम ३१ ख बमोजिम क्याटलग शपिङ विधिबाट खरिद कार्य गर्नपर्ने भएकोले इजाजत प्राप्त उत्पादक वा अधिकृत विक्रेताले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र नवीकरण भएको इजाजत पत्र आयकर र मूल्य अभिवृद्धि करदाता दर्ता प्रमाणपत्र र गत आ.व.को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपिहरु समेत राखी उत्पादकको बसको आधिकारिक स्पेशीफिकेशन , गुणस्तर, मूल्य तथा सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) हरु समावेश गरी शिलबन्दी प्रस्ताव (निवेदन) सहित मिति २०८०/०३/०८ गते दिउँसो १२.०० बजे भित्र विद्यालय प्रशासनमा दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी तथा म्याद नाघी आएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन । प्राप्त प्रस्तावहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विद्यालयमा निहित रहने छ । विद्यालयको आधिकारिक फोन नं. ९८४६०७३०९८ वा ९८५६०२८२३७ मा सम्पर्क गर्न सकिने छ वा विद्यालयको इमेल** schoolbhagyodaya@gmail.com **मार्फत जानकारी लिन सकिने छ ।**

**Technical Specifications of Bus**

| Particulars | Requirement |
|---|---|
| General | Right Hand Drive,3x2 seating layout model bus,suitable for driving in Nepal at an altitude of 2500 meter and in ambient temperature -5 to 50 degree celsius.Gross vehicle weight of vehicle shall be minimum 2000 kg.wheelbase should be minimum 3800 mm and seating capacity for at least 40+1 driver operation of the vehicle at operating conditions. |
| Engine | Turbocharged intercooled diesel engine developing maximus rated output power not less than 90 HP and maximum torque not less than 280 Nm at governed RPM,engine fully equipped with accessories for efficient full load operation of the vehicle at operating conditions. |
| Emission standard | The Emission standard of the offered vehicle must be compliance with or superior than the applicable standard as prescribed by Nepal Vehicle Mass Emission Standard which is to be certified by Department of Transport Management |
| Transmission | Manual shift at least 5 forward and one reverse |
| Suspension | Semi elliptical leaf spring |
| Tyres | standard size |
| Ground Clearance | Minimum 205 mm |
| Steering | Power steering |
| Brakes | Air brakes |
| Fuel Tank Capacity | Minimum 90 liter |
| Cab | All metallic/FRP cab with insulated roof,front wipers,glass windows on doors,trough ventilation,comfortable seats.Floor mats,rear view mirrors an two side view mirrors.one entrance door and one emergency door,separate door for driver |
| Essential Accessories | -speedometer/odometer |
| -one spare wheel with tyre and tube | |
| -suitable jack and handle | |
| -seat belt for driver | |
| Instruction | All signs and instructions in the vehicle shall be in English |
| warranty | Minimum 1 year of warranty after acceptance |
| Delivery | As per the contract |